Study in NEW ZEALAND
Dreaming New Zealand?
Rejected already New Zealand or any country?
Low academic Percentage or Academic Gap ?
Certified by:
Why New Zealand?
- Country having world top Ranked Education
- IELTS not mendatory
- Pay after Visa confirmation (AIP)
- Guaranteed Graduate Job Search Visa after Study
- Dependent Visa Facility
- Working and PR Visa Opportunity
Meet Highly Trusted Consultant
Your Visa Application will be Checked & handled by
EX-VISA OFFICERS & LICENSED IMMIGRATION LAWYERS
BEACON
Premier International Education
Study Abroad, Immigration & Test Preparation Center
Siddhartha Chowk Pokhara
PH: 061-528812
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np
Find us : www.facebook.com/beaconpage

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ६ ○अंक ३६ ○श्रेणी 'क' ○२०७१ कात्तिक १६ गते आइतबार ○ 02 NOV. 2014 ○पृष्ठ ४ ○मूल्य रु. ३/-

Study & work in
JAPAN
Intake: April... 100% Visa Sucess in Oct. 2014
सम्पूर्ण खर्च सहित सात लाखमा
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖College of your Choice ❖Age bar/Gap No Problem
❖NAT/JLPT classes are running by language expert
हाम्रो विशेषता : भिषा पश्चात् विद्यार्थीलाई आफैले लगेर कामको र बसोबासको बन्दोवस्त मिलाईने
NADESHIKO Language Institute
Ranipauwa, (ब्यारेक, मणिपाल बस स्टपको ठीक अगाडि)
(Karmacharya Hardware सगै)
977- 61-522668, 9805877868

राम्रो संविधान बनाउन केही महिना थप्नुपर्ने कांग्रेस नेतृ कोइरालाको भनाई

'म माथिको कारवाहीको औचित्य छैन'

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

नेपाली कांग्रेसकी नेतृ एवं पूर्व उपप्रधानमन्त्री सुजाता कोइरालाले आफूमाथि पार्टीले गरेको कारवाही ग्राण्ड डिजाइन अन्तर्गत भएको बताएकी छन् । पोखरामा कास्की कांग्रेसले आयोजना गरेको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेतृ कोइरालाले आफ्नो निर्वाचन क्षेत्रबाट संविधानसभाको उम्मेदवार बनेका आमोदप्रसाद उपाध्याय पराजित भएपछि आफूलाई निर्वाचनमा असहयोग गरेको आरोप लागेको र कसैको ग्राण्ड डिजाइन अन्तर्गत नै कारवाहीको सिफारीस भएको स्पष्ट पारिन् । तर कस्तो खालको ग्राण्ड डिजाइन कसले र किन गरेको भन्ने बारेमा भने कोइरालाले केही बताइनन् । उनले आफूमाथि गरिएको कारवाही एकपक्षीय भएको र पार्टी सभापति सुशिल कोइरालाले पनि सबै कारवाही फिर्ता लिन्छु भन्नुभएकोले त्यस्तो कारवाहीको कुनै औचित्य नरहेको दावी गरिन् । शहिद योगेन्द्रमान शेरचनका छोरा सुशिलमान शेरचन जस्तालाई पनि कारवाही भएको भनि दुःख प्रकट गर्दै नेतृ कोइरालाले गल्ती गरेको भएमा पनि माफी दिनुपर्ने अवस्थामा निर्दोष माथि कारवाही हुनु दुःखद् रहेको बताइन् ।

आफूले चुनावमा कसैलाई हराउन नलागेको तर आफूलाई चुनावी अभियानमा नबोलाएको कारण आमोदजी हार्नुभएको स्पष्ट पार्दै कोइरालाले भनिन्-'म पोलिटिकल कल्चरमा हुर्केको मान्छे बरु टिकट रोक्न जान्छु, तर टिकट पाइसकेपछि हराउन जान्न ।'

पूर्व उपप्रधानमन्त्री कोइरालाले प्रमुख पार्टीका शीर्ष नेताहरु संविधान निमार्णका लागि बैठक बस्ने गरेको कुराप्रति पनि असन्तुष्टि प्रकट गरिन् । '७/८ जना नेता बसेर मात्र संविधान बन्दैन र त्यसरी संविधान बनाउने

कुरालाई मैले स्वीकार गर्दिन । राजनीति संवाद समितिको सदस्य रहेकी काग्रेस नेतृ कोइरालाले समितिको बैठकमा पनि कोही गम्भीर नहुने र आल्तुफाल्तु गफ गरेर समय बिताउने गरेको आरोप लगाइन । 'सकेसम्म सहमति मै संविधान निर्माण गर्नुपर्छ नभए प्रक्रियामा जानु आवश्यक छ । यदि एमाओवादी सहमतिमा नआउने हो भने ऊ आफै पछि पर्छ ।' कोइरालाको भनाई थियो ।

आगामी माघ ८ गतेभित्र संविधान निमार्ण गर्ने कार्य तालिका बनेको भएपनि कोइरालाले राम्रो संविधान बनाउनका लागि केही समय थप्नुपर्नेमा जोड दिइन् । बरु केही महिना लागोस, गलत संविधान बनाउन हुँदैन् । उनले कार्यकर्तालाई स्पष्ट पार्दै भनिन्-संघीयतामा जादा उत्तर दक्षिण करिडोर बन्द नहुने किसिमले हालको ५ विकास क्षेत्रलाई नै ५ राज्यमा बाँड्नु उपयुक्त हुन्छ, आफूले विभिन्न जिल्ला भ्रमणमा जादा सबैको विचार त्यही नै पाएको बताउँदै उनले आफ्नो बुबा गिरिजाप्रसाद कोइरालाको भनाई स्मरण गरिन् ।

गिरिजाबाबुले भनेजस्तो नर्थसाउथ परीडोर बन्द गर्नु हुँदैन र धेरै संघीय राज्य बनाउँदा कठिन स्थिति आउन सक्छ । पोखरामा अन्तर्राष्ट्रिय स्तरको क्षेत्रीय विमानस्थल बनाउने निर्णय

बाँकी अन्तिम पृष्ठमा......

अडान सहितको प्रतिवेदन संविधानसभामा

काठमाडौं १५ कार्तिक ।(रासस)

संविधानका विवादित विषयमा सहमति जुट्न नसकेपछि संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले दलका आआफ्ना अडान सहितको प्रतिवेदन संविधानसभामा पेस गर्ने भएको छ । समितिको शनिबार सिंहदरबारमा बसेको बैठकमा प्रमुख तीन दलका नेताले आआफ्नै अडान प्रस्तुत गरेपछि असहमतिको प्रतिवेदन पेस गर्ने निर्णय गरेको हो । विवादित विषयमा सहमति जुटाउने भन्दै शनिबार दिनभर भएको प्रयाससमेत असफल भएपछि समितिले मध्यमार्गी उपाय निकाल्दै सहमति र असहमतिका विषयलाई एकमुष्ठ रुपमा सभामा प्रस्तुत गर्ने सहमति गरेको हो । प्रमुख तीन दलका शीर्ष नेताको बैठकमा समेत कुनै निर्णय हुन नसकेको, संविधानसभाका अध्यक्षसँग भएको छलफलले पनि कुनै समाधान दिन नसकेको, सत्तामा रहेका दुई दल (नेपाली काँग्रेस र एमाले)ले पनि मान्य समाधानका लागि कुनै प्रस्ताव प्रस्तुत गर्न नसकेको अवस्थालाई ध्यानमा राख्दै समितिले उक्त प्रस्ताव पेस गर्ने निर्णय गरेको समितिका सभापति डा बाबुराम भट्टराईले जानकारी दिए । उनले सहमतिका लागि उच्च तहमा प्रयत्न जारी रहेको र शनिबार दिनभरको छलफल पनि केही सकारात्मक दिशामा नै केन्द्रित रहेका कारण निरास नै भइहाल्ने अवस्था भने नरहेको बताए ।

"विवादित विषयमा सहमति नहुँदासम्म आजै भने केही भन्न नसकिने अवस्था रहे पनि अन्तिम समयमा आएर सहमति हुनेछ" उनको विश्वास छ । एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले आइतबारसम्म सहमतिको प्रयत्न जारी राख्ने विषयमा छलफल भएको बताउँदै शीर्ष नेतृत्व तहमा सहमतिको कुनै विकल्प नभएकाले संविधानसभामा नै विषय गए पनि पुनः समितिमा नै छलफल गर्न सकिने स्थिति कायम रहेको जानकारी दिए ।

यसैबीच काँग्रेसका नेता प्रदीप गिरीले भने बहुमत तथा अल्पमतको खेलमा संविधान निर्माण प्रक्रियालाई अल्झाउन नहुने र सकेसम्म ९० प्रतिशतभन्दा बढीको सहमति आवश्यक पर्ने बताए । नेता गिरीले राज्य पुनःसंरचनाको बहसलाई सैद्धान्तिक आधारमा अगाडि बढाउन पनि सुझाव दिए । प्रमुख दलबीच शासकीय स्वरुप, राज्य पुनः संरचना तथा न्याय र निर्वाचन प्रणालीको विषयमा हालसम्म कुनै पनि सहमति हुन सकेको छैन ।

यता, संविधानका विवादित विषयमा प्रमुख दलबीच सहमति हुन नसके हालसम्ममा सबै राजनीतिक उपलब्धि गुम्ने आशङ्का बढेर गएको छ । संविधानसभाले विवादित विषयमा सहमति गर्न चार पटकसम्म दिएको समयसीमा पूरा हुँदासमेत दलहरु सहमतिमा पुग्न सकेको छैनन् । दलहरु सधैं झगडा मात्रै गर्छन् भन्ने सन्देश जनतामा गएको, मुलुकमा धर्मको नाममा राजनीतिक सुरु भएको र जनआन्दोलनबाट पाखा लागेका भनिएका शक्ति मजबुत बन्दै गएकाले मुलुकमा विषम स्थिति उत्पन्न भएको संविधान निर्माणको महत्वपूर्ण समितिको नेतृत्व गर्नुभएका एक शीर्ष नेताले जानकारी दिएका छन् ।

नेपाली वाइन 'किङ्स हिल' सार्वजनिक

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

काभ्रे जिल्लाको पनौतिमा उत्पादन भएको नेपाली वाइन पोखरा शनिबार सार्वजनिक गरिएको छ । स्नोम्यान वाइनरी प्रालिले उत्पादन गरेको 'किङ्स हिल' नामक वाइनको एक कार्यक्रमका बीच पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकमार थापाले सार्वजनिक गरेका थिए । त्यस अवसरमा बोल्दै पोखरा कार्यक्रमका प्रमुख अतिथि थापाले नेपालमा वाइन पारखीहरु बढिरहेको र उत्पादक कम्पनी नभएको अवस्थामा स्नोम्यानले थालनी गरेकोमा स्वागत गरे । राम्रो र गुणस्तरीय वाइन उत्पादनमा जोड दिंदै थापाले विश्व बजारमा प्रतिप्रर्धा गर्न सक्नेगरि अघि बढ्न कम्पनीलाई सुझाव दिए ।

कार्यक्रममा पृथ्वी होटल व्यवसायी संघका अध्यक्ष रिजन शेरचन, अधिकृत विक्रेतासंघ कास्कीका अध्यक्ष सुरेश अधिकारी, संस्थापक अध्यक्ष गोविन्द कर्माचार्य, रोमित एण्ड सुमित ट्रेडका रुपनारायण भुजेल, टेकनारायण शर्मा लगायतले शुभकामना दिएका थिए ।

विश्व बजारमा उत्पादित वाइनहरुसंग प्रतिस्पर्धा गर्न सक्ने किसिमले वाइन उत्पादन गरिएको कम्पनीका अध्यक्ष ज्ञानु प्रसाईँले जानकारी दिए । उनका अनुसार पछिल्लो समयमा वाइनका पारखीहरु धेरै बढेको र सीमितमात्रामा वाइन पिउनेहरुको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्दैन । उक्त वाइनको पोखराका लागि अधिकृत विक्रेता रोमित एण्ड सुमित ट्रेड रहेको छ ।

"पर्यटन प्रबर्द्धनका लागि संगसंगै"
तेश्रो सिटी रेबान महोत्सव तथा फुड फेष्टिबल २०७१
आजका मुख्य आकर्षणहरू
लोकदोहोरीतर्फः
❖पुरुषोत्तम न्यौपाने ❖चन्द्रा शर्मा
❖तारापति सुवेदी ❖कृष्ण गुरुङ
❖शिवहरि ढुंगाना ❖माया गुरुङ
❖अमर धिताल ❖नेत्रपाणि बाँस्तोला
❖केशव घिमिरे
तथा स्थानीय कलाकारहरूको बेजोड प्रस्तुति
स्थानः
पोखरा रंगशाला
हाँस्य ब्याङ्ग्यतर्फः
❖चर्चित हास्यकलाकार जितु नेपाल (मुन्द्रे)
❖ पोखेली धुर्मुस र माग्ने बुढा को बेजोड प्रस्तुति
सुगम संगीततर्फः
चर्चित पप गायक कमल खत्री, रजनी राई, मिलन गुरुङ तथा स्थानीय कलाकारहरुको बेजोड प्रस्तुति ।
मिति २०७१ कात्तिक १४ गतेदेखि २२ गतेसम्म
प्रतियोगिताका लागि दर्ता खुल्ला गरिएको छ ।
सम्पर्क:
९८५६०४१०२४ (जिवन दाहाल), ९८५६०२०१४४ (जीवन गुरुङ)
आयोजक:
पोखरा सिटी रेबान
सम्पर्क:
दिपक तिमिल्सिना
९८५६०२११६८, ९८५६०३८४४४, ९८५६०३२६३३

बजाज शोरूम
ईच्छाशक्ति अटोमोवाईल्स प्रा. लि. / श्रीया ट्रेडर्स
नयाँबजार-९, पोखरा
फोन नं ०६१-५५१७१५/५२२३१५

आज अन्तिम आइतबार
अमेरिका जाने सुनौलो अवसर
EDV 2016
EDV 2015 ४,९९१ जनालाई परेको छ ।
EDV 2016 पर्ने पालो पक्कै तपाईको
नेपालको सबैभन्दा बढी EDV पर्ने ठाउँ
E-Spot Nepal
जहाँबाट तपाईको भाग्य खुल्छ
माछ्षा भुण्डिएको भवन
पोखरा : सिद्धार्थचोक, चिप्लेढुंगा
U.F.O. संगै फोन : ०६१-५३९८८३

■ एकाग्रतापूर्वक गरिएको विचारले असम्भवलाई पनि सम्भव बनाउँछ ।

- खप्तड स्वामी

सम्पादकीय . .

भ्रष्टाचारीहरू नछुटुन्

सधैंभरि आन्दोलनले तातिरहने पोखरा विश्वविद्यालयको चर्चा यतिबेला निकै माथि रहेको छ । विश्वविद्यालयका उपकुलपति पूर्व उपकुलपतिसहित २३ अन्य कर्मचारीलाई अख्तियारले अनियमितता गरेको आरोपमा छानविन गरेपछि उनीहरुको चर्चाले व्यापकता पाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो कि नाउँबाट नै दुरुपयोग गर्नेलाई छानविन गर्ने, अध्ययन र अनुसन्धान गरी कारवाही अघि बढाउने संस्थाको रुपमा स्थापित भएको हो । आयोगले केही दिन यता सक्रियता देखाएको छ तर, खरदार, प्राथमिक विद्यालयका शिक्षक, जिल्ला शिक्षा अधिकारी र अन्य साना तिनालाई अनुसन्धानको दायरामा ल्याइ ठूल ठूला भ्रष्टहरुतर्फ ध्यान नदिनाले देशमा भ्रष्टाचारको जालो माकुरोको जाल जस्तो फैलिंदै गएको छ । सानै तहको भ्रष्टाचारीलाई समाउने हो भने बढी जनसम्पर्क हुने कार्यालय राजश्व बिभाग र भन्सारसँगै कर कार्यालयका कर्मचारीहरुमाथि आयोगको ध्यान गएको छैन । त्यहाँका खरदार सुब्बाले बिचौलियाको काम गरेर ब्यापारी, व्यवसायी र उद्योगपतिसँग भरपुर लुट्नसम्म लुट्ने गरेको चर्चा भइरहँदा तथ्य के हो छानबिन गरी दोषी समाउँदा भ्रष्टाचार निर्मूल हुने र प्रशासनमा बस्नेहरु लुट्नेतर्फबाट मोडिने सम्भावना हुन्छ । केन्द्र र जिल्लाको आफ्नै बजेटमाथि गिद्धे दृष्टि राख्नेहरुलाई कारवाहीको दायरामा ल्याउनै पर्ने हुन्छ । अरवौं रुपैयाँ परिचालन हुने जिल्लाको एलडिओलाई छानविन गर्न सकेको छैन ।

मालपोत, नापी, यातायात लगायत महानगरपालिका र नगरपालिकाहरुमा पनि ब्यापक भ्रष्टाचारको गुनासो रहँदा त्यसतर्फ अख्तियारको नजर जानु पर्दछ । मुलुकमा दीर्घकालिन क्षति पुऱ्याउने, भ्रष्टाचारीहरु नेता, मन्त्री र पूर्वमन्त्रीहरुको बारेमा गहन अध्ययन गरी तिनीहरुको पोल खोल्नु पर्दछ । अकुत सम्पत्ति आर्जन गर्ने पूर्व सञ्चारमन्त्री राजकिशोर यादव लगायत पर्यटन बोर्डका प्रशासक निरौला समेतलाई जनसमक्ष ल्याउनु पर्ने सर्वसाधारण जनताले चर्चा चलाइरहँदा यस बारेमा ठोस प्रमाणहरु जुटाई भ्रष्टाचारको पोको खोल्न कम्मर कसिनु पर्ने हुन्छ । विद्युत् प्राधिकरण होस् वा नेताहरुको सवाल ठूला दल होस् वा साना दलहरु ती दलका शीर्ष नेताहरुको हैसियत हेर्दा दश वर्ष पहिले टायरका चप्पल वा साधारण जुत्ता लगाउनेहरु यतिबेला एक करोडको मोटर र २५ हजार घटीको जुत्ता लाउँदैनन्को अवस्थाले नै सबै कुरा दर्शाउने गरेको छ । अख्तियार प्रमुख लोकमान सिंह कार्कीले अकूत सम्पत्ति आर्जन गर्नेलाई कारवाहीको दायरामा ल्याएरै छोड्ने प्रतिबद्धता जनाए पछि यसमा शंका गर्ने ठाउँ लाग्दैन तर जनमानसमा अख्तियारले साना तिनालाई मात्र पक्राउ गर्दा शंका उब्जेको कुरा सर्वत्र चर्चा भइरहेको छ । यो कुरा अख्तियारसँग सम्बद्ध निकायले बुझ्नु जरुरी छ भने आयोगले पनि भ्रष्टहरुलाई तह लगाउन राजनीतिक भ्रष्टाचार रोक्नु आवश्यक छ । धेरैलाई यो थाहा छ कि अख्तियारले केही गर्दैछ तर ढुक्क भएर यो नै हुँदै छ भनी सामान्य नागरिकले पत्याएको छैन । अकुत सम्पत्ति आर्जन गर्नेहरु विभिन्न भेष र पदमा आसिन छन् त्यसलाई कारवाही गर्न साहससँगै सक्रियता आवश्यक छ । ठूला बडाले गरेको भ्रष्ट कार्यको भण्डाफोर सँगै उनीहरुलाई दण्डित गरे सर्वसाधारण खुशी हुनेमा आमसहमति पाईन्छ । अख्तियार ले पोखरा विश्वविद्यालयमा अनियमितता गरे नगरेको विषयमा सत्यतथ्य छानविन गरी अनियमितता गरेको पाइएमा ती भ्रष्ट कर्मचारीलाई हदैसम्मको कार्वाही गर्न सक्नु पर्दछ । अनियमितता गर्ने कर्मचारीलाई कडा कार्वाही गर्न सके आगामी दिनमा शिक्षाजस्तो पवित्र क्षेत्रमा सैको गिद्दे नजर लाग्ने छैन ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल कार्तिक १६ गते आइतबार, तदनुसार अक्टुवर ३१ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३५, प्लवङ्गनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चल्दै छ । चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको दशमी तिथि १७ घटि ३६ पला अर्थात दिनमा १ बजेर १८ मिनेटसम्म त्यसउप्रान्त एकादशी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा रहेको छ भने चन्द्रमा कुम्भ राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि ३५ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १६ मिनेटमा रौद्र मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ५ बजेर १७ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

वृष : मानसिक पीडा थपिनेछ, प्रेममा विछोड हुन सक्नेछ, आयश्रोत घट्ने, पारिवारिक झमेलाले पेशाप्रति रुचि घट्नेछ ।

मिथन : दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानिको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष दिन खराब छ ।

कर्कट : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, वायू रोगको संक्रमण हुनेछ ।

सिंह : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।

कन्या : शैक्षिक तथा सामाजिक प्रगति, प्रेमप्रसँग सुमधुर रहनेछ, आदर सत्कार पाइने ठाउँमा सरिक हनु पाइनेछ ।

तुला : आफन्तसँग झगडा हुने, कार्यमा विध्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउने, चिन्ता पर्ने समाचार सुन्नुपर्ला ।

वृश्चिक : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

धनु : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइनेछ ।

मकर : शत्रुमाथि विजय हुने, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

कुम्भ : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टमित्रसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।

मीन : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

जनता र दलका कार्यकर्ताहरुको मानमर्दन

प्रकाश खनाल

लोकतन्त्रका आधार स्तम्भ भनिने स्थानीय निकाय बिगत २०५९ साल देखि जनप्रतिनिधि बिहिन अवस्थामा गुज्रेका छन्, स्थानीय स्वायत्त सासन ऐन २०५५ बमोजिम स्थानीय निकायलाइ स्थानीय सरकार सरह अधिकार प्रत्यायोजन गरि राज्यको अत्यन्तै जिमेवार अंगका रुपमा स्थापित गरेको छ सामान्य मुद्दा मामिला, दण्ड जरिवाना, स-साना योजना देखि लिएर केन्द्र स्तरका बिकाश निर्माणका ठूला आयोजना हरुको छनोट सिफारिस, राजस्वका स्रोतहरुको पहिचान परिचालन पंजीकरण सम्बन्धि सम्पूर्ण कार्यहरु लगाएत अर्ध न्याइक अधिकार समेत प्राप्त गरेको छ भने ऐनमा उल्लेख नभएका र कुनै अर्को निकायलाइ नतोकिएका सबै बिसयहरु स्थानीय निकायहरुबाट नै सम्पादन हुने गरेका छन् ।

जननिर्वाचित समग्र संरचनालाइ प्रदत्त यस प्रकारको अधिकार निर्वाचित नीयकायको अभावमा नेपाल सरकारले तोकेको एक जना सरकारी कर्मचारीले सम्पादन गर्नु अवस्य पनि कम चुनौती पूर्ण छैन । अर्कोतर्फ समयको गति संगै यि निकायहरुको दायरा अझ बढि फराकिलो र प्रभावकारी बन्न जरुरि छ भने, केन्द्र सरकारद्वारा स्थानीय निकायमा प्रबाह हुने बजेटको ठूलो हिस्सा तत्त् निकायहरुबाट संचालन अनुगमन र मुल्यांकन हुने गरि ब्यबस्था गरिएको छ, एका तर्फ नेपाललाइ संघिय लोकतान्त्रिक गणतन्त्रात्मक देश भनेर अन्तरिम संबिधानमा ब्यबस्था गरिएको छ भने, अर्को तर्फ लोकतान्त्रिक देशका स्थानीय निकायहरु बिगत १२ वर्ष देखि जनप्रतिनिधि बिहिन अवस्थामा रहेका छन्,

सत्ता पक्ष र ससक्त प्रतिपक्षको परिकल्पनाका साथ अवलम्बन गरिएको लोकतान्त्रिक ब्यबस्था बिगतको परिपाटीमा पनि विभिन्न किसिमकाअनियमितताका समाचारहरु बाहिर आउथे भने ,यस्ता निकायमा बढीमा २ वर्षकालागि सरुवा भै आउने सरकारी कर्मचारीहरुले यि सबै कार्य नियम संगत ढंगबाट सम्पादन गर्न सकेका छन् कि छैनन् रु भनिन्छ यि निकायका तल्लो तह देखि उपल्लो तह सम्मका कार्य शैलीहरु बिगत ३० बर्सको पञ्चायती प्रजातन्त्रलाई समेत माथ गर्ने ढंगबाट संचालन भइ रहेका छन् अधिकांस जिबिस र नगरपालिकाहरुको बजेटको आकारलाइ हेर्ने हो भने नेपाल सरकारका मन्त्रालय वा सो सरह रहेका छन् ।

यस अर्थमा पनि कर्मचारीहरुका लागि यो सङ्क्रमणकालिन समय र यो स्थान अत्यन्तै आकर्षणका केन्द्र बनेका छन् । कर्मचारी सरुवा बढुवा गर्ने बेलामा त विभागीय मन्त्रिलाई समेत मनग्य आम्दानीको स्रोत समेत हुने गरेको बुझिन आएको छ । यसरी विभिन्न तहदेखि सुपारी चढाउँदै आएको सरकारी कर्मचारीले आफ्नो लगानीको प्रबाह नगरी जनहितका लागि समर्पित रहन्छ भन्ने कुरालाइ कत्तिको विश्वास गर्न सकिन्छ ? निःस्वार्थ रुपमा जनताको सेवा गर्छौ भन्ने सपथ खाएर सभासद हुँदै मन्त्रि भएका व्यक्तिहरु त यस्ता घृणित कार्यमा उद्दत रहन्छन् भने, मेवाका लागि सेवा गर्ने राष्ट्र सेवक कर्मचारीहरु लाई के भन्ने ?

हाम्रा राजनीतक दलहरु बढो जोड तोड्का साथ राष्ट्र र जनताका अधिकारका नाममा घोक्रो सुकिन्जेल कराउदा पनि अझ थाक्दैनन् । तर उनीहरुलाई यतिसम्म हेक्का छैन कि आफ्ना जनता कहा छन् रु जनताले तिरेको तिरोभारो कसरि सदुपयोग भएको छ वा छैन रु प्रसासन संयन्त्रहरु बाट जनताहरुले कसरि सास्ती भोग्नु परेको छ रु जन चासोका सडक पूल खा। पा। सिंचाई आदि पूर्वाधार बिकाशका योजनाहरु कसरि संचालन भै रहेका छन् ? तपाईहरुले खटाएका हाकिम साहेबका अगाडि तपाईहरुका स्थानीय पार्टी निकायका कार्यकर्ता हरुले कसरी घुँडा टेकेर निरीहता प्रदर्शन गर्नु परेको छ ? भविष्यका स्थानीय निकायका प्रमुखहरु अहिले तिनै निकायको एउटा शाखाका खरिदार र सुब्बाको भक्तिभजन गर्नु परेको अनुभव यहाँ हरुका कार्यकर्ता मार्फत सुन्नु भएको छ कि छैन ? तपाईहरु ६०१ सभासद र केहि मन्त्रि हुँदैमा संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास हुने हो ? के जनताले प्राप्त गरेको लोकतान्त्रिक उपहार यिनै हुन ?

धन्न होस नेपालका तपाई राजनीतिक दलहरु १ काम गर्न भन्दा बढी बोल्नु पर्ने तपाईहरुका लागि यी बिषयहरु कुनै महत्वका रहेनन् ११ कि यो एजेन्डा बन्न लायक बिषय भएन ? बरु अघिल्लो संविधानसभा निर्वाचन पछिको सरकारका स्थानीय विकास मन्त्रि टोप बहादुर राइमाझीले अलिकति चासो लिएका थिए जवाफ देहि बिहीन भएता पनि सर्वदलीय संयन्त्रको जन्म दिएका थिए । त्यस पछिका दिनमा आफूलाई अब्बल दर्जाको लोकतान्त्रिक पार्टी भनाउँदाहरुको दुर्गति देख्दा लाग्छ, यो देश वास्तवमा बनाउनेको हातमा अझसम्म पुग्न सकेको रहेनछ । केवल आफू र आफन्त बनाउनका लागि पद र शक्तिको दुरुपयोग भै रहेको छ ।

वर्तमान स्थानीय विकास मन्त्रि प्रकाशमान सिंहले केहि दिन अगाडि बोलेका कुराहरु विभिन्न समाचार माध्यमबाट आए अनुसार ऐन बन्न साथ स्थानीय निकायको निर्वाचन तुरुन्तै हुने कुरा पढ्न पाईएको थियो । मन्त्रिज्यू तपाई स्वयंले राजनीतिक नियुक्ति गर्न सक्ने दलित र आदिवासी जिल्ला समन्वय समिति त आज ८ महिना बितिसक्दा पनि गठन गर्न सक्नुभएको छैन । यी र यस्ता अन्य बिसयहरुमा तपाइँहरुको कुनै चासो छैन, हुनु पनि किन त्यहाँबाट आफ्नो लागि केहि उपलब्धि नहुने देखेर नै होला । भने, सबै राजनीतिक दलहरुको सहमति जुटाएर मात्र घोषणा गरिनु पर्ने स्थानीय निकायको निर्वाचन तपाई एक्लैले गर्छु भन्ने घोषणालाई कसले विश्वास गर्दछ ? यस्ता हावादारी गफ गरेर जनता भुलाउने समय यो होइन, तसर्थ अबिलम्ब तत्तत्त निकायको संचालनमा कर्मचारीहरुको माताहतमा मात्र नछोडी जिम्मेबार राजनीतिक दलहरुको अधिकार सम्पन्न दलीय संयन्त्रको निर्माण गर्न बेलैमा ध्यान जाओस, यसैमा हामी सबैको कल्याण हुनेछ ।

कपडा व्यवसायी र फोटोग्राफरको रक्तदान

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

कपडा व्यवसायी एशोसिएशन पोखराको रक्तदान कार्यक्रम शनिबार सम्पन्न भयो । कार्यक्रममा २३ युनिट रगत संकलन भएको छ । कार्यक्रमको उद्घाटन गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले कपडा व्यवसायीहरुले रक्तदान कार्यक्रम आयोजना गरेर सामाजिक कर्तव्य निर्वाह गर्नुका साथै रगतको समस्यामा परेका विरामीका लागि पुण्य काम गरेको बताए । पोखरामा बन्न लागेको अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थलको विषयमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि समेत रहेका थापाले अब पोखरामा विमानस्थल बन्न कसैले रोक्न नसक्ने ठोकुवा गरे । विमानस्थल निर्माण कार्य तत्काल शुरु गर्न र पोखराको बसपार्कलाई व्यवस्थित बनाउन माग गरे ।

एशोसिएशनका अध्यक्ष प्रेमबहादुर भुजेलको अध्यक्षतमामा सम्पन्न कार्यक्रममा स्वगत मन्तव्य संस्थापका सदस्य विष्णुप्रसाद तिमिल्सिना र संचालन महासचिव लक्ष्मण न्यौपानले गरेका थिए । कार्यक्रममा रक्तसंचार केन्द्र पोखराका प्राविधिक अधिकृत अर्जुन ज्ञवाली, संस्थाका सल्लाहकार यामनाथ तिनिल्सिनाले लगायतले रक्तदानको महत्वबारे बोलेका थिए ।

यसैबीच संस्थाले आगामी पौष ३ गतेदेखि १२ गतेसम्म छिमेकी राष्ट्र भारत व्यावसायिक भ्रमण आयोजना गरेको छ । भ्रमणमा संस्थाका पदाधिकारी एवं सदस्यहरु सहभागी हुने महासचिव लक्ष्मण न्यौपानेले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

न्यौपानेका अनुसार भ्रमण टोलीले भारतको अहमदावाद, सुरत, दिल्लीका साथै बम्बईको भ्रमण गर्नेछन् । भ्रमणको तयारीलाई तीव्र पारिएको संयोजक सत्यनारायण खेतानले बताए ।

यसैगरी पोखरा फोटोग्राफर संघ पोखरा नेपालको आयोजनामा शनिबार खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । खुल्ला रक्तदान कार्यक्रममा २६ जना रक्तदाताले रक्तदान गरेका थिए । संस्थाको वार्षिका कार्यक्रम अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिको हो । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले पहिलो रक्तदाता पोखरा फोटो ग्राफर संघ पोखरा नेपालका संरक्षक गणेश छविलाई ब्लड ब्याग हस्तान्तरण गरि कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममा तिलकबहादुर थापाको नवजात शुशिलाई रक्तदानकै क्रममा एवी पोजेटिभको चार युनिट रगत थापालाई हस्तान्तरण गरिएको थियो । कार्यक्रममा कैलाश बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष जिवन ढुङ्गाना, रक्त सञ्चार सेवाका प्रमुख ध्रुवमणी लामिछाने, पोखरा फोटो ग्राफर संघ पोखरा नेपालका संरक्षक गणेश छवि, सल्लाहकार जयेन्द्र राजभण्डारी, रामजी थापा, राममणी पौडेल, महिला उपसमिति संयोजक विष्णु शर्मा सापकोटा लगाएतले बोलेका थिए । पोखरा फोटो ग्राफर संघ पोखरा नेपालका अध्यक्ष गुरुप्रसाद तिवारीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रथम उपाध्यक्ष सुक घलेले स्वागत र सचिव रविनाथ दाहालले कार्यक्रम सञ्चालन गरेका थिए ।

'सोझा तस्वीर : बाउंटा कुरा' विमोचित

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

कलाकार विश्व शाक्यको तस्वीर पुस्तक 'सोझा तस्वीर : बाउंटा कुरा' पुस्तकको शनिबार पोखरामा विमोचन भएको छ । पोखरेली युवा सांस्कृतिक परिवार पोखराको आयोजनामा पुस्तक विमोचन भएको हो । कार्यक्रममा बोल्दै कलाकार तथा लेखक शाक्यले आफ्नो पुस्तकमा राजनीति देखि लिएर हरेक कुराहरुको तस्वीर भएको बताए । फोटोमा लेखिएका क्याप्सनको कुनै पनि व्यक्तिसंग सम्बन्धित नभएको उनको भनाइ छ । साथै व्यङ्ग्य पुस्तक प्रकाशन गर्ने क्रममा १० औं भएको र यो नै अन्तिम हुन सक्ने सम्भावना भएको पनि शाक्यले बताएका छन् । कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ कार्टुनिष्ट दुर्गा बराल वात्सायनले सम्बन्धित विषयमा शिक्षा हासिल नगरेर पनि यो क्षेत्रमा प्रवेश गरेका शाक्यप्रति पोखराले गौरव गर्नुपर्ने बताए । तस्वीर र अक्षर कै माध्यमबाट नेपालमा भविष्य कोर्न सकिने अवस्था आइसकेको उनको भनाई थियो । पुस्तकका सम्पादक डा.लक्ष्मीशरण अधिकारी तथा भूपनिधि पन्तले कार्यक्रममा लेखक शाक्यको बारेमा चर्चा गरेका थिए । पोखरेली युवा सांस्कृतिक परिवार पोखराका अध्यक्ष सुरेश रानाभाटको अध्यक्ष्यतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन संस्थाका सचिव अर्जुन अधिकारीले गरेका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

होटल विक्रीमा
बैदाम पामे सडक अन्तर्गत फेवाताल किनार, खपौंदीमा दुई रोपनी क्षेत्रफलमा सभाहल र कोठा समेत भएको चालु अवस्थाको कटेज (होटल) विशेष कारणवश तु–विक्रीमा छ ।
सम्पर्क : ९८१४१९८७२५ (कविन्द्र)

विक्री वा भाडामा
पोखराको रानीपौवास्थित तुलसी मार्गमा चलिरहेको स्कूल, कलेज र अन्य व्यावसायिक प्रयोजनका लागि सम्पूर्ण डेकोरेशन सहितको २ रोपनी ४ आनाको कम्पाउण्ड सहितको घर घर जग्गा ।
सम्पर्क : ०६१–५२३१६२
९८५६०२०३६२, ९८४६०७९२४२

Offer! Offer! Offer!
Website Design @ 10,000/-, Android Apps @ 5000/-, Domain Registration @ 1500/-, Hosting Unlimited Space @ 1500/-, Online Internet Radio Streaming @ 5000/-, Computer Sales and Maintenance, Home Service Charge @ 200/-, NOD32/Kaspersky Antivirus @ 500/-, 4GB HP/SONY Pen Drive @ 400/-, 8GB HP/SONY Pen Drive @ 600/-
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, Skype : mycomputersathi
Website : www.mycomputersathi.com

सुनौलो एफएममा ज्योतिष जागरण
प्रत्येक मंगलबार बिहान ठीक ८:१५ बजेदेखि ९:०० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला ।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोवाइल : ९८५६०३०९१४

विदेश जानेहरूका लागि सुवर्ण अवसर
दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
शतप्रतिशत उत्तीर्ण गराउन सफल
आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
अन्तरवार्ता भइरहेको छ ।
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१४९२

चाया, पोतो र डण्डिफोर Bye Bye
चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने साथमा मोटोपन घटाउने र बढाउने पनि ।
यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १–३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
ग्याष्ट्रिक उपचार
ढाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा–४, फोनः ९८४६१५४१८८, ०६१–५२४९५४
(मल्ल इम्पोरियमको अगाडि द्वा कम्प्लेक्स भन्दा दुई घर तल)

Visit Visa
Visit Visa मा विदेश जानु परेमा साथै Bank Balance र Audit Report का लागि सम्पर्क गर्नुहोला
सम्पर्क : ९८५६०३७५८१

तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ –४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ–१५, पोखरा

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

धादिङ समितिको सहयोग जनकल्याण प्राविलाई

हरि पन्त/गोल्डेन न्यूज
पोखरा १५ कार्तिक ।

तस्वीर : सुदर्शन बसौला

धादिङ जिल्लाको धुवाकोट गाविस वडा नं. ४ स्थित श्री जनकल्याण प्रा.वि.मा शुक्रबार पूर्वान्ह ३ बजे तिरको वातावरण अति नै रोमाञ्चक थियो । शुक्रबारको दिन विद्यार्थीहरु १ बजे नै घर जानुपर्ने भएपनि सबै कुरेरै बसेका थिए । विद्यालयका व्यवस्थापन समिति, शिक्षक-शिक्षका, अभिभावक, विद्यार्थी सबै अत्यन्तै खुशी थिए । विद्यालय तथा विद्यार्थीहरुका लागि पहिलो पटक सहयोगी हात लिएर केही पाहुनाटोली आउँदैछन् भन्ने थाहा पाएर उनीहरु सबै विद्यालय प्राङ्गणमा जम्मा भएका थिए । उनीहरु पाहुनाको स्वागत गर्न आतुर थिए । उनीहरुले स्वागतका लागि दुई वटा स्वागत गेट समेत निर्माण गरेका थिए । विद्यालयका सहयोगी हात बोकेर आउने पाहुनाहरु थिए धादिङ-पोखरा सम्पर्क समितिको एक टोली । टोलीमा ३५ जना सहभागी थिए । समितिको टोली त्यहाँ पुग्दा लामो र जोखिमयुक्त यात्राका कारण थकित र निराश थियो । जिल्ला सदरमुकाम धादिङवेशीदेखि त्यहाँ (चिम्नेखर्क) पुग्ने सडक जम्मा २० कि.मि. मात्र भएपनि सडक अतिनै साँगुरो र जोखिमयुक्त थियो । देशभर भइरहेको दुर्घटनाको भयले सबै नागरिक यात्राका क्रममा तनावमा रहने गर्दछन् । त्यो तनाव समितिको टोलीमा पनि देखिन्थ्यो । यात्रा अवधिभर कसैको पनि मुहार हँसिलो थिएन । उनीहरुले रमाइला-रमाइला गफ गर्दै तनाव कम गर्ने प्रयत्न गरेका थिए । थकित र निराश मुद्रामा जब समितिको टोली विद्यालय कम्पाउण्ड बाहिर पुग्यो तालीको गड्गडाहट चल्यो । उनीहरुले फूलमाला र तालीले पाहुना टोलीको भव्य स्वागत गरे । विद्यार्थी, शिक्षक-शिक्षिका, अभिभावक सबै दुई लाइनमा बसेर पाहुनालाई स्वागत गर्दै विद्यालय प्राङ्गणको कार्यक्रमस्थलमा पुऱ्याए । उनीहरुको त्यो स्वागतले समितिका पदाधिकारी सबैको तनाव र थकान मेटाइदिएको थियो ।

कार्यक्रमस्थलमा पुगेर समितिको टोलीले कार्यक्रम शुरु गर्ने वित्तिकै स्वागत गर्न बसेका सबै एकै ठाउँमा जम्मा भए । कार्यक्रम अवधिभर सबैभन्दा बढी चासो विद्यार्थीहरुको थियो । उनीहरुले नृत्य र गीतमार्फत समेत पाहुनाटोलीको स्वागत गरे । समितिले गरेको सहयोगमा १५ हजार रुपैयाँ नगदका साथै पाठ्यपुस्तक र खेलकूद सामाग्री विद्यालयका लागि थियो । विद्यालयमा ६५ जना विद्यार्थी अध्ययनरत छन् । उनीहरु सबैका लागि विद्यालय पोशाक, कापी, कलम थियो । सबै विद्यार्थीलाई नै सो सामाग्री समिति आफैले हस्तान्तरण गर्न सम्भव नभएपछि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विचारी सापकोटा र प्रधानाध्यापक शालिकराम सापकोटालाई हस्तान्तरण गरिएको थियो । त्यस अवसरमा समितिका केही पदाधिकारी एवं सदस्यले समेत व्यक्तिगत रुपमा शैक्षिक सामाग्री सहयोग गरेका थिए । विद्यालयका लागि सहयोग पाएपछि अति प्रफुल्लित मुद्रामा प्रधानाध्यापक शालिकराम सापकोटाले धादिङ-पोखरा सम्पर्क समितिप्रति आभार व्यक्त गरे । उनले भने-'राज्यले गर्नुपर्ने यस्तो सहयोग सामाजिक संस्थाले गर्नु अत्यन्तै सह्रानीय छ । समितिको यो सहयोगप्रति विद्यालय परिवार अत्यन्तै हर्षित छ । समितिको सधैं भलो होस् ।' विद्यालयको २३ वर्षे इतिहासमा पहिलो सहयोग प्रास्त गरेको समेत उनले बताए । धादिङ-पोखरा समितिका अध्यक्ष बलराम खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा समितिका सल्लाहकार परिषद संयोजक एवं पूर्व अध्यक्ष रुद्र खनाल, वरिष्ठ उपाध्यक्ष गोकर्ण लम्साल, सचिव गोकर्ण अधिकारी लगायतले समितिको सानो सहयोगलाई स्वीकार गरेकोमा विद्यालयप्रति आभार व्यक्त गरेका थिए ।

समितिका अध्यक्ष बलराम खतिवडा नेतृत्वको टोलीमा पदाधिकारी, सदस्यका साथै पोखरा र धादिङका पत्रकार समेत सहभागी थिए । कार्यक्रम संयोजक गुणराज सापकोटा (भरत) र सह-संयोजक नवराज सापकोटा थिए । संयोजक र सह-संयोजक सापकोटाद्वय समितिका सदस्य एवं त्यहाँकै स्थानीय हुन् । समितिले गरेको सहयोग सामाग्री नगद बाहेक ८० हजार बराबरको रहेको समितिका कोषाध्यक्ष लालप्रसाद पाठकले जानकारी दिए ।

नयन र ढिकुरपोखरी सहकारीको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

लेखनाथ-३, अर्घौंमा रहेको नयन वचत तथा ऋण सहकारी संस्थाको तेस्रो साधारण सभा शनिवार लेखनाथमा सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि लेखनाथ उद्योग वाणिज्य संघका महासचिव बलराम ढकालले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गरेका थिए । उद्घाटनपछि आफ्नो मन्तव्य राख्दै उनले सरकारको आर्थिक विकासको नीतिमा सहकारी समेत रहेकोले यसका ७ सिद्धान्तलाई लागू गर्नुपर्नेमा जोड दिएका छन् । साधाणसभामा लेखा समितिका संयोजक सन्तोष सुवेदी, शिक्षा उपसमितिका संयोजक दामोदर अधिकारी कोषाध्यक्ष कृष्णप्रसाद सुवेदी लगायतले आ-आफ्नो प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा उत्कृष्ट बचतकर्ता टिकाराम सापकोटा, उत्कष्ट कर्मचारी शिला गुरुङ्ग, उत्कृष्ट कजार प्रतिनिधि सुष्मा तिवारी, असल ऋणि जयकालिका मिट सप्लायर्स लगायतलाई सम्मान गरिएको थियो । सहकारीका अध्यक्ष विश्वराज सुवेदीको सभापतीत्वमा कार्यक्रम सम्पन्न भएको हो । यसैगरी ढिकुरपोखरी समाज बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-२, कास्कीको तेस्रो वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । साधारणसभाका प्रमुख अतिथि जिल्ला बचत तथा ऋण सहकारी संघ कास्कीका अध्यक्ष भीम गुरुङले सहकारी संस्थाहरु धेरै रहेको भए पनि संस्थागत सहकारीहरु कम रहेको बताए । कार्यक्रममा ढिकुरपोखरी समाजका सल्लाहकार कुलबहादुर गुरुङ कुलु, समाजका अध्यक्ष आशबहादुर गुरुङ, बेशीसहर नगरपालिकाका कार्यकारी अधिकृत युवराज अधिकारी, सहकारीका कानुनी सल्लाहकार विष्णुप्रसाद अधिकारी, शेयर सदस्यबाट शारदा पौडेल, इञ्जिनियर अमृत दाहाललगायतले शुभकामना मन्तव्य व्यक्त गरे ।

संस्थाका अध्यक्ष रामचन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत मन्तव्य उपाध्यक्ष जुमबहादुर गुरुङ, धन्यवाद ज्ञापन ऋण समिति संयोजक लालबहादुर कुँवर, सहकारीका सातसिद्धान्त वाचन लक्ष्मी अधिकारी र कार्यक्रम संचालन सचिव इन्द्रप्रसाद पौडेलले गरेका थिए ।

छोटो समयमा मुनाफा आर्जन गर्न सफल यस संस्थाको शेयर पुँजी ३० लाख २५ हजार रुपैयाँ छ भने नियमित बचत संकलन १७ लाख ३० हजार रुपैयाँ छ ।

गुप्तेश्वर महादेव गुफा समितिको साधारणसभा

पोखरा १५ कार्तिक ।(गोल्डेन)

गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिको १९औं बाषिक साधरण सभा तथा आठौं अधिवेशन शनिबार पोखरामा सम्पन भएको छ । कार्यक्रमका प्रमुख अतिथि कास्की जिल्ला न्याधिश राम प्रसाद ओलीले कार्यक्रमको उद्घाटन गर्दै पोखरालाई प्रकृतिकले दिएको वरदान भएको बताउदै त्यस भित्रको वरदान गुप्तेश्वर रहेको बताए । गुप्तेश्वरलाई राष्ट्रिय सम्पदाको रुपमा विकास गर्दै यसलाई विश्व सम्पदाको रुपमा विकास गर्नु पर्नेमा उनले जोड दिए । उनले यसको भगौलिक प्रकृति अनुसन्धान गरी राष्ट्रिय तथा अन्र्तराष्ट्रिय स्तरमा लैजानु पर्ने बताए । कार्यक्रममा सस्था पूर्व अध्यक्ष पुण्य प्रसाद बरालले गुप्तेश्वर धार्मिक, पर्यटक, शैक्षिक स्थल भएकाले सहकार्यले काम गर्नु पर्ने बताए । संस्थाका पूर्व सचिव भेषराज बरमलले भावी योजना बनाएर काम गरेमा गुफाको सरक्षण हुने बताए । संस्थाका सचिव बिष्णु प्रसाद पौड्यलले प्रगति प्रतिवेदन गुप्तेश्वर महादेव गुफा स्मारिका २०७१ नामक ग्रन्थ प्रकाशनको अन्तिम चरणमा पुगेको बाताए । सस्थाका कोषाध्यक्ष देबिबहादुर थापाले अर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिका अध्यक्ष खगराज शर्मा आर्चायको अध्यक्षतामा सम्पन कार्यक्रममा नेपाली कांग्रेसका वडा १७ का सभापति पुण्डरी, एमाले पोखरा १७ का अध्यक्ष सुवास ढुंगाना, एमाओवादी पोखरा १७ का अध्यक्ष मनमाया खत्री, राष्ट्रिय परोपकार महासंघ नेपालका केन्द्रीय सदस्य माहाप्रसाद सुवेदी, संस्थाका आजीवन सदस्य श्रीराम सुवेदी , नारी उत्थान दिदीबहिनी आमा समूहका अध्यक्ष सरिता घिमिरे, गुप्तेश्वर महिला बचत ऋण सहकारी संस्थाका अध्यक्ष सीता बराल लगायतले बोलेका थिए । संस्थाका सचिव विष्णु प्रसाद पौडेलले सञ्चालन गरे कार्यक्रममा संस्थाका उपाध्यक्ष तुलसीराम बरालले स्वागत मन्तब्य राखेका थिए । कार्यक्रममा संस्थाका लागि योगदान पुऱ्याउने ब्यक्तिहरुलाई सम्मान गरिएको थियो ।

हार्दिक समवेदना

जन्मः
१९८५/०१/१७ गते

स्वर्गारोहरणः
२०७१/०७/११ गते

स्व. टेकबहादुर कार्की

यस संस्थाका शेयर सदस्य स्याङ्जा जिल्ला आरुखर्क-९ स्थायी ठेगाना भई हाल पोखरा-१७,घारीपाटन निवासी **टेकबहादुर कार्की**को ८६ बर्षको उमेरमा असामायिक निधन भएकोमा हामी अत्यन्तै स्तब्ध बनेका छौ । उहाँको निधनले हामीलाई अपुरणीय क्षति पुग्नुको साथै अत्यन्त मर्माहत बनाएको छ । उहाँको निधन भएको यस दुःखद् घडिमा दिवंगत आत्माको चिरशन्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि **हार्दिक समवेदना** व्यक्त गर्दछौ ।

निरज थापा (अध्यक्ष) एवं
संगम बचत तथा ऋण सहकारी संस्था लि. परिवार
पोखरा-१५, रामबजार

‘पुख्र्यौली ठाउँ, पुख्र्यौली नाउँ, सुनचाँदी हीराको गरगहनाको लागि मोहरिया टोल नै जाऔं ।’

नि:शुल्क तालिम ! नि:शुल्क तालिम !!

नेपाल सरकार, शिक्षा मन्त्रालय, इभेन्ट परियोजनाको आयोजना तथा विश्व बैंकको आर्थिक सहयोगमा यस **पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ सेन्टर प्रा.लि.** द्वारा मिति २०७१ मंसिर १ गतेदेखि २०७१ माघ ३० गतेसम्म तपशिलका विषयहरुमा तीन महिने (३९० घण्टे) नि:शुल्क तालिम संचालन गरिने भएकाले उक्त तालिममा सहभागी हुन ईच्छुक नेपाली नागरिकहरुले **मिति २०७१ कार्तिक १३ देखि २२ गतेसम्ममा** आवेदन दिनुहुन अनुरोध गरिन्छ । आवेदन फाराम यस संस्थाको कार्यालय पोखरा-११, रानीपौवामा नि:शुल्क प्राप्त गर्न सकिनेछ । तालिम अवधिभर खाजा र शैक्षिक सामाग्री नि:शुल्क प्रदान गरिनेछ ।

तालिममा सहभागी हुन निम्न बमोजिमको योग्यता हुनुपर्ने जानकारी गराइन्छ ।
(क) आर्थिक रुपले विपन्न (ख) नेपाली नागरिक
(ग) उमेर समूह : महिलाहरुका लागि १६ देखि ४५ वर्ष र पुरुषका लागि १६ देखि ४०
(घ) तालिमका लागि कम्तिमा साक्षर हुनुपर्नेछ ।
(ङ) ईसिडी/मण्टेश्वरी तालिमका लागि कम्तिमा एस.एल.सी. उत्तीर्ण गरेको हुनुपर्नेछ ।

तालिम संचालन हुने विषयहरू

विषय	प्रशिक्षार्थी संख्या	तालिम संचालन हुने स्थान
ई.सि.डी./मण्टेश्वरी	१६० जना	पोखरा-११, रानीपौवा
कमर्सियल कुकिङ	४० जना	पोखरा-११, रानीपौवा
वेटर/वेट्रेस	२० जना	पोखरा-११, रानीपौवा

प्राथमिकतामा पर्ने समूहहरू :
क. (१) दलित महिला/पुरुष (२) अपाङ्ग महिला/पुरुष तथा एकल महिला
(३) पूर्व कमैया : (कमलर तथा कमलरी)
ख. (१) सबै जातजातिका गरिब महिलाहरु (२) जनजाति समूह : लोपोन्मुख, अति सीमान्तकृत र सीमान्तकृत गरि ४२ जनजाति (३) गरिब मधेशी पुरुष
(४) मानव विकास सूचकाङ्कका हिसावले पछाडि परेका २० जिल्लाका पुरुष ।
ग. (१) अन्य जाति र जिल्लाका गरिब पुरुषहरु ।

सम्पर्क
पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ सेन्टर प्रा.लि.
पोखरा-११, रानीपौवा, फोन : ०६१-५४१८१३

"ग्याँस गिजर" सेट

इण्डियन कम्पनीका ग्याँस गिजर पाए अरु किन राख्ने ?
नोट : यूरोगार्ड तथा Kent Company **का** R.O. Water Purifier **किचन चिम्नी होलसेल मूल्यमा उपलव्ध हुनुका साथै मर्मत पनि गरिन्छ ।**
सम्पर्क
न्यू पायोनियर इन्टरनेशनल
रानीपौवा, पोखरा, फोन : ०६१-५२७५१८, ९८५६०२५३७०

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA

➩**यौन पुरुष** : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, **पुन सुहाग रात फर्काउन,** Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
➩केश झर्न तुरून्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
➩मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
➩**उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)**
➩तौल बढाउने आयूर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
➩**थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन**
➩तौल घटाउने जापनिज deit मात्र २५००।-
➩ढाड तथा जोर्नी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेननिल
✱ **तौल घटाउन Slim 24 pro**

पोखरा हर्वल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

STUDY in JAPAN 'n' USA

हाम्रा विशेषताहरुः
- कमाउदै अध्ययन गर्न सकिने ।
- High भिसा Success Rate.
- आफुले काम खोज्ने झन्झट व्यहोर्नु नपर्ने ।
- जापानका ख्याती प्राप्त कलेजमा अध्ययन गर्न सकिने ।
- कम्तीमा १० वर्ष जापान रहनु भएका प्रशिक्षकद्धारा प्रशिक्षण गराईने ।
- Apply गर्नेलाई Language Free ।
- "No Visa No Charge"
- एस.एल.सी बाट पनि जापानका लागी Apply गर्न सकिने ।
- NAT/JLPT नभए पनि हुने ।

मात्र रु. ५ लाखमा जापान
+2 मा ६०% ल्याउनेले विना TOFEL or IELTS अमेरीका Apply गर्न सकिने
अमेरीका र न्युजल्यान्ड मात्र रु. ९०००००/-

सम्पर्कः ब्रेसएजुकेशन ९८५६०३७९०६ ५२८८२५

उमेर तथा Education gap NO PROBLEM

लोकतान्त्रिक तेक्वान्दोमा जनज्योति च्याम्पियन

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

लोकतान्त्रिक खेलकुद संघको आयोजनामा शनिबार पोखरामा सम्पन्न प्रथम जुनियर अन्तरविद्यालय लोकतान्त्रिक खुल्ला तेक्वान्दो प्रतियोगितामा काठमाडौंको जनज्योती टिम च्याम्पियन बनेको छ । जनज्योतिले ४ स्वर्ण जित्दै उपाधि सहित च्याम्पियन बनेको हो । भैरहवाको एसओएस बालग्रामले चार स्वण हात पायो । राइजिड स्टारले ३ स्वर्ण २ रजत र ३ कास्य प्राप्त गर्दै तेस्रो भयो । प्रतियोगितामा छात्र तर्फ एसओएस बालग्रामका नवराज बस्नेत र छात्रा तर्फ पर्वतकी आस्था श्रेष्ठ उत्कृष्ट खेलाडि भइन । उनीहरुलाई नगद १०/१० हजार सहित ट्रफी प्रदान गरिएको थियो । प्रतियोगिताको छात्रा तर्फको खेलमा २६ केजी मुनीको खेलमा जनज्योतीकी निशा श्रेष्ठले शहिद स्मृतीकी समिक्षा अर्याललाई पराजित गर्दै स्वर्ण पदक प्राप्त गर्दा भैरहवाकी विदिशा चौधरी र पर्वतकी अनुजा परियारले कास्य पदक जिते । ३५ केजी मुनीको प्रतिस्पर्धामा एसओएस वालग्रामकी सुस्मिता कोईरालाले भेरहवाकी सुमी थापालाई पराजित गर्दै स्वर्ण तथा एक्स सर्भिसमेनकी लकु डोल्मा घले र गुड सेभर्डकी करुणा चौधरीले कास्य प्राप्त गरिन् ।

छात्र २४ केजी तौल मुनीको प्रतिस्पर्धामा शहिद स्मृतीका प्रज्वल कार्कीले मुलपानी डोजोङका शिशिर लिम्बुलाई हराउंदै स्वर्ण प्राप्त गर्नुभयो । बाल प्रभातका प्रविन दोर्जे र यशोदाका अंगत उपरकोटीले कास्य प्राप्त गरे । ३६ केजी मुनीको प्रतिस्पर्धामा बुटवलका भेल विक्रम थापाले स्वर्ण प्राप्त गर्दा शहिद स्मृतिका डेभिड श्रेष्ठले रजतमा चित्त बुझाए । राईजिङ्ग स्टारका रोशन पाण्डे र बाग्लुङका युकेश थापाले कास्यमा चित्त बुझाउँदा छात्रकै ४३ केजी मुनीको तौलमा एसओएस बालग्रामका नवराज बस्नेतले स्वर्ण र बुटवलका पुजन थापाले रजत पदक प्राप्त गरे । भैरहवाका निशान भुषाल र राईजिङ्ग स्टारका प्रनेश गुरुङ तेश्रो भए । ४१ केजी मुनीको तौलमा राईजिड स्टारकी आयुशा लामाले स्वर्ण प्राप्त गरिन भने पर्वतकी सोनिया माझीते रजत पाईन् । गुल्मीकी दीपा पुन र शहिद स्मृतीकी नमुना गुरुङ्ग तेश्रो भए ।

विजेता खेलाडीहरुलाई प्रमुख अतिथी नेपाली काँग्रेस केन्द्रिय सदस्य एवं खेलकुद विभाग प्रमुख सभासद् धनराज गुरुङ्ग, नेपाल लोकतान्त्रिक खेलकुद संघका अध्यक्ष देवेन्द्र कुमार शेरचन, सचिव सुवोध प्रधान, बक्सिडका पूर्व खेलाडी गणेश भट्टराइइ लगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।सोही अवसरमा बक्सिडका गणेश भट्टराई र प्रशिक्षक विद्या मर्सानी, भलिबलका बलराम क्षेत्री र भलिबल खेलाडि मञ्जु गुरुड, एथलेटिक्सका हरि थापा, फुटबलका डम्मरसिंह गुरुड र शम्भु केसीलाई सम्मान गरिएको थियो भने तेक्वान्दोका देवु गुरुडलाई मरणोप्रान्त सम्मान प्रदान गरिएको थियो । यता तेक्वान्दो गितका रचयीता मेनुका थापा र गायक दिनेश दाहाललाई पनि सम्मान गरिएको थियो ।

यसअघि प्रतियोगिताको उद्घाटन गर्दै पूर्व उपप्रधानमन्त्री एवं नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सुजाता कोइरालाले खेलकूदको माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन सकिने बताइन । उनले खेलकूद संग सम्बन्धित उपयुक्त नीति नियमको तर्जुमा गरि प्रभावकारी कार्यान्वयनमा ध्यान दिन सके खेलकूदको माध्यमबाट देशले प्रतिष्ठा माउनेमात्र नभई पर्यटन र आर्थिक विकासमा समेत योग दान दिन सक्ने बताइन । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं खेलकूद विभाग प्रमुख धनराज गुरुङ, नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सभासद जीवन परियार, पार्टीका जिल्ला सभापति एवं सभासद यज्ञबहादुर थापा, लोकतान्त्रिक खेलकूद संघका केन्द्रीय अध्यक्ष देवेन्द्र कुमार शेरचन, सभासद शारदा पौडेल, तेक्वान्दो संघका केन्द्रीय अध्यक्ष प्रकाश राणा र प्रकाश बराल लगायतले शुभकामना दिएका थिए ।

तस्वीर : गंगाधर पराजुली

खेलाडीसंग पाहुना : नेपाल लोकतान्त्रिक खेलकूद संघले आयोजना गरेको प्रथम जुनियर खुल्ला तेक्वान्दो प्रतियोगिताको उद्घाटन पश्चात् खेलाडी र खेलप्रेमीहरुसंग सामूहिक तस्वीर खिचाउँदै नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं पूर्व उपप्रधानमन्त्री सुजाता कोइराला । साथमा प्रतियोगिताका आयोजक र अतिथिहरु ।

सिटी रेवान महोत्सव हाँस्य प्रदर्शन प्रतियोगिता

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

पोखरामा जारी तेस्रो सिटी रेवान महोत्सव तथा फुड फेष्टिबलमा शनिवारदेखि हाँस्य प्रदर्शन प्रतियोगिता शुरु भएको छ । हाँस्य प्रतिभा प्रष्फुटन गराउने तथा महोत्सवमा नयाँ स्वाद प्रदान गर्ने उदेश्यले प्रतियोगिता आयोजना गरिएको महासचिव एवं प्रचार संयोजक दीपक तिमिल्सिनाले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । प्रारम्भिक चरणमा २० जनावीच प्रतिस्पर्धा गराई उत्कृष्ठ ११ जनालाई महोत्सवमा प्रदर्शन गर्न दिइएको छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः सात हजार, पाँच हजार, तीन हजार पुरस्कार स्वरुप प्रदान गरिने छ। प्रतियोगिताको निर्णायकमा राजेन्द्र नेपाली र युवराज भण्डारी छन् । पोखरा नगर रेष्टुरेण्ट तथा बार एशोसियशन(सिटी रेवान)ले पर्यटन प्रवर्द्धन, सामाजिक सेवा, उपभोक्ताको हित र लोक संस्कृतिको विकास गर्ने उद्देश्यले महोत्सव आयोजना गरेको हो ।

महोत्सवको दोस्रो दिन शनिवार दर्शकको सहभागिता बढेको थियो। शनिवार कलाकारहरु बद्रि पगेनी, चन्द्र शर्मा, चोलेन्द्र पौडेल, घनश्याम रिजाल, केशव घिमिरे, तारापति सुवेदी र हाँस्य कलाकार दिपक थापाको प्रस्तुतीमा दर्शकहरु रमाएको सांस्कृतिक समितिका संयोजक जीवन दाहालले जानकारी दिए । आइतबार कलाकार जितु नेपालले प्रस्तुती राख्ने कार्यक्रम रहेको छ । महोत्सवमा विभिन्न व्यवसाय, रेष्टुरेण्ट, सुरक्षा र स्वास्थ्यका गरी एक सय ५० वटा स्ट्रल रहेका छन् । महोत्सव सम्पन्न गर्न ३२ लाख ६८ हजार खर्च लाग्ने तथा महोत्सवबाट ३५ लाख ९५ हजार आम्दानी हुने अपेक्षा गरिएको छ । महोत्सव दुई लाख दर्शकले अवलोकन गर्ने अपेक्षा आयोजकको छ । महोत्सवको आकर्षणमा खानाका परिकारहरुवीच प्रतियोगिता, राष्ट्रिय स्तरको खुल्ला लोकदोहोरी प्रतियोगिता, गृहणी महिला नृत्य प्रतियोगिता, उपभोग्य बस्तुको प्रदर्शनी, स्थानीय उत्पादनको प्रदर्शनी, बाल उद्यान र ख्यातिप्राप्त कलाकारहरुको प्रस्तुती रहने छ ।

महोत्सवमा यसपटक विवाहित पुरुषवीच नृत्य प्रतियोगिता, लोकल कुखुराको झोलसँग ढिडो खाने प्रतियोगिता, लमजुङको ठाडो भाका, हास्य प्रहसन जस्ता कार्यक्रम पनि थप गरिएको छ । महोत्सव अवलोकन गर्न सर्वसाधारणका लागि ५० र विद्यार्थीका लागि ३० रुपैयाँको टिकट व्यवस्था गरिएको छ ।

प्रथम फर्माकपको उपाधि आयोजक 'बी' लाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

औषधि थोक व्यवसायी संघ गण्डकीद्वारा आयोजित प्रथम फर्मा कप नकआउट फुटबल प्रतियोगिताको उपाधि आयोजक 'बी' ले हात पारेको छ । आयोजकले मणिपाल शिक्षण अस्पताललाई टाइब्रेकरमा २ गोलको विरुद्ध ३ गोलले पराजित गर्दै उपाधि जितेको हो । जीतसँगै थोक व्यवसायीले खसी, मेडल हात पारेको छ । त्यस्तै, उपविजेता मणिपाललाई समेत खसी र मेडल प्राप्त गर्‍यो । प्रतियोगितामा सर्वाधिक गोल गर्नेमा मणिपाल शिक्षण अस्पतालका खेलाडी लोकेन्द्र सापकोटा रहेका थिए । त्यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीमा औषधि थोक व्यवसायी संघ 'बी' का प्रेम गुरुङ् घोषित भए ।

आपसी भाइचारा कायम गर्ने उद्देश्यले औषधि थोक व्यसायी संघ गण्डकीको आयोजनामा मंगलबार देखि पोखराको मालेपाटन स्थित सशस्त्र प्रहरी बलको खेलमैदानमा प्रतियोगिता सुरु भएको थियो । शनिबार सम्पन्न प्रतियोगिताको समापन समारोहमा बोल्दै पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष बिन्दुकुमार थापाले मैत्रीपूर्ण प्रतियोगिताले व्यवसायीहरुमा आपसी सम्बन्ध विस्तार हुने बताए । संघका अध्यक्ष श्रीराम पराजुलीको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष रुद्र मल्लले स्वागत मन्तव्य राखेका थिए ।

राम्रो संविधान...

प्रधानमन्त्री एवं पार्टी सभापति सुशिल कोइरालाको प्रयासबाट सम्भव भएको उनले बताइन् । पर्यटन मन्त्रालय, नेकपा एमालेको भागमा परेको भएपनि सुशिल दाले धेरै प्रयास गरेकोले पोखरामा विमानस्थल बन्ने भएको हो । पूर्व उपप्रधानमन्त्री कोइरालाले स्पष्ट पारिन् । तनहुंको दुलेगौडामा गिरिजाप्रसाद कोइरालाको नामबाट अत्याधुनिक अस्पताल निमार्ण गर्न चीन सरकार समक्ष नेपाल सरकारले आग्रह गरेको र त्यो अस्पतालमा पोष्ट ग्राजुएटको पढाई हुने र विज्ञ डाक्टरको उत्पादन समेत हुने उनले बताइन् । पार्टी कार्यकर्ताहरुसंगको भेटमा उनले अहिले मुलुकमा विकासको गति अगाडि बढेवपन नेपाली कांग्रेस भने कमजोर हुँदै गएको बताइन् । कांग्रेसका भातृ संस्थाहरुको महाधिवेशन हुन सकेको छैन, नेविसंघ, महिला संघ तरुण दल जस्ता संगठन कमजोर बन्दै गएका छन् । यस बारेमा पार्टीमा गम्भीरतापूर्वक छलफल हुदैन, जस्ले गर्दा पार्टी कमजोर बन्दै गएको छ । उनको भनाई थियो । कार्यक्रममा कास्की कांग्रेसका सभापति तथा सभासद् यज्ञबहादुर थापाले काग्रेस नेतृ कोइरालालाई पार्टीको जिल्ला समितिको तर्फबाट स्वागत गरेका थिए ।

आलुखेती सम्बन्धी प्रशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

कमलपोखरी बचत तथा ॠण सहकारी संस्थाका सदस्यहरुलाई आलुखेती सम्बन्धी प्रशिक्षण दिइएको छ । शनिबार दिइएको तालिममा करिब १३० सदस्य सहभागी थिए ।

जिल्ला कृषि कार्यालय कास्की वागवानीका अधिकृत मनोहर कडरियाले आलुखेती सम्बन्धी प्रशिक्षण दिएका थिए । कार्यक्रम संयोजक सरिता कुमारी सिग्देल (मिरा) को अध्यक्षतमा भएको प्रशिक्षण कार्यक्रम उद्घाटन सहकारीका अध्यक्ष प्राध्यापक तारानाथ बरालले गरेका थिए ।

त्यस अवसरमा बोल्दै बरालले कृषि क्षेत्रमा सहकारीले सक्दो सहयोग गर्ने बताए ।

कार्यक्रममा सहकारीका प्रवन्ध संचालक गोविन्द प्रसाद आचार्य, प्रशिक्षार्थी एवं सहकारीका सदस्य माधवप्रसाद आचार्य, कृषि उपसमितिका सदस्य रमा कार्की, सदस्य टीकादेवी बराल लगायतल आ-आफ्नो भनाई राखेका थिए ।

शिक्षासेवी अधिकारीलाई पुत्रशोक

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

कास्कीको चापाकोट गाविस वडा नं ७ खोरपाखा निवासी शिक्षासेवी छविलाल अधिकारीलाई पुत्र शोक परेको छ । लामो समयदेखि शिक्षण पेशामा संलग्न नेपाली कांग्रेस सम्बध छविलालका छोरा दिपक अधिकारीको आफ्नै घर नजिकैको रुखबाट खसेर मृत्य भएको हो । बाखापालनका लागि आवश्यक पर्ने काठको खोर बनाउने शिलशिलामा रुखमा चढेका अधिकारीको रुखबाट खसेपछि शुक्रबार नै उपचारको लागि पोखरा स्थित अस्पतालमा ल्याइएको थियो । तर बाटोमा नै उनको मृत्यु भएको बताइन्छ । रुखबाट खस्दा टाउकोमा गम्भीर चोट लागेकोले उनको मृत्यु भएको चिकित्सकले जानकारी दिएका छन् ।

स्वर्गीय अधिकारी एनेकपा माओवादी सम्बद्ध वाइसीएलको पूर्व जिल्ला सदस्य र एमाओवादीको गाउं कमिटीको पूर्व अध्यक्ष हुन् । पोखराको रामघाटमा शनिबार उनको अन्त्यष्टि गरिएको थियो । त्यस अवसरमा एमाओवादीका नेता कुमार अधिकारीले उनको शवमा पार्टीको झण्डा ओढाएका थिए ।

पराजुलीको निधन

पोखरा १५ कार्तिक ।(गोल्डेन)

कास्कीको चापाकोट गाविस वडा नं ७ औसेलुचौरका समाजिक कार्यकर्ता दशरथ पराजुलीको ८४ वर्षको उमेरमा निधन भएको छ । गाउंको विकास निर्माण शिक्षा, स्वास्थ्य र धार्मिक कार्यमा सक्रियतामा लागेका पराजुली विगत केही महिनादेखि गम्भीर किरामी परेका थिए । उनको शनिबार नै चापाकोट ७ स्थित हर्पन खोला किनारमा दाहसंस्कार गरिएको थियो । स्वर्गीय पराजुली १ श्रीमती सरस्वती पराजुली र ६ छोरा लोकनाथ, डिल्लीराम, शालिकराम, बेलप्रसाद, ढकराज र हरिप्रसादका साथै ५ छोरी रहेका छन् ।

STUDY AND WORK IN JAPAN

अब तपाईँको जापान जाने चाहना हामी पुरा गर्छौं ।

- ❖No Visa No Money
- ❖Part time job Gurantee
- ❖Bachelor /Master No need of NAT/JLPT
- ❖NAT, JLPT नभएपनि Apply गर्न पाइने ।
- ❖Group मा आउनेलाई विशेष छुटको व्यवस्था ।
- ❖Free language and Documentation

MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool.Pokhara,Medicalline,Tel:061-520113, 9846646980, 9856046980

आनन्दको विज्ञान पुस्तक बजारमा आइपुग्यो

प्रकाशित भएको एक महिनामै 'वेष्ट सेलिङ'मा पर्न सफल पुस्तक '**सुपरभिजन-आनन्दको विज्ञान**' बजारमा सर्वत्र उपलब्ध छन् । खोजी-खोजी पढौं ।

लेखक : **डिलाराम लामिछाने**
कृति : जीवन दर्शन (सबै वर्ग र तहका व्यक्तिहरुलाई उपयुक्त पुस्तक)

पुस्तक पाइने ठाउँहरु
बुकमार्ट, गैह्रपाटन, पोखरा, **पाठक बुक्स एण्ड स्टेशनरी**, सभागृहचोक
बाजे पुस्तक पसल, महेन्द्रपुल, पोखरा
स्पार्क बि. एण्ड डि. हस्पिटल, सभागृहचोक, पोखरा
एवं पोखराका प्रमुख पुस्तक पसलहरु ।
सम्पर्क : फोन : ०६१-५२१४०८, मोवाइल : ९८४६०३४३८४



के तपाईंमा यौनसम्बन्धी समस्या छ ?

पुरूषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : छासूत्रद्वारा पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

ईजरायल

ईजरायलमा लामो समय हिब्रु भाषाको ट्रेनिङ्ग प्राप्त गरी नेपाल आउनु भएका दक्ष **हिब्रु भाषा** प्रशिक्षकहरूद्वारा भाषा प्रशिक्षण तथा **केयर गिभर** तालिमका लागि धमाधम भर्ना लिइरहेको छ ।

ईच्छा शक्ति र लगानी तपाईको गन्तव्यमा पुऱ्याउने जिम्मा हाम्रो
पश्चिमाञ्चलको एकमात्र पुरानो हिब्रु भाषा प्रशिक्षण केन्द्र . . .

TOPS Language & Training Institute
महेन्द्रपुल, हुलाक पछाडि (मेडिकल लाइन) (गोर्खा मेडिकलको दोस्रो तलामा)
फोन: ०६१-६२२२८९, ५२५८३५

नयाँबजार, रामघाट धार्मिक क्षेत्र विकास समिति
पोखरा-९, रामघाटको हार्दिक निमन्त्रणा

"**हरिबोधनी एकादशी-२०७१**" का शुभअवसर विगतका वर्षहरु झैं यसवर्ष पनि निम्नानुसार रामघाट क्षेत्रको समग्र विकास एवं व्यवस्थापनका लागि स्थापित यस गैह्रसरकारी संस्थाबाट आयोजित "**हरिबोधनी एकादशी मेला**" विशेष धार्मिक कार्यक्रममा सम्पूर्ण श्रद्धालु भक्तजनहरुलाई सपरिवार गरिमामय समुपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

तपशिल

मिति : २०७१ कार्तिक १७ गते सोमबार
स्थान : पोखरा-९, गंगामार्ग, रामघाट
समय : बिहान ७:३० बजेदेखि साँझसम्म

रामजीप्रसाद कोइराला (सचिव)
नयाँबजार, रामघाट धार्मिक क्षेत्र विकास समिति
पोखरा-९, रामघाट

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा